# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

चितवन जिल्ला रत्ननगर नगरपालिकाको कार्यालय वडा नं. ५ मा वडासचिव पदमा कार्यरत अम्बिका गौतमले झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नियुक्ति भएकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले Bihar School Examination Board, Patna बाट एस.एल.सी तह उत्तीर्ण गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सहयोगी कार्यकर्ता पदमा नियुक्ति लिई हाल वडा सचिव पदमा कार्यरत रही लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
उप-सचिव एवं सहायक प्रवक्ता